नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९

चलानी नं.:- ४

मितिः- २०७८/०४/१०

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री स्थानीय तह (सबै) ।

विषयः- प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्च नभएको रकम फिर्ता गर्ने र खर्चको आर्थिक विवरण सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. pmep/३ मिति २०७८/०४/०५ को प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्च नभएको रकम फिर्ता गर्ने र खर्चको आर्थिक विवरण सम्बन्धी प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार हुन आदेशानुसार अनुरोध छ।

२०७८/४/१०

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदबार ।

श्री सूचना तथा प्रविधि शाखाः-E-mail मार्फत जानकारी गराइदिनु हुन।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४८
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २०७८/६९
च.नं. /pmep/ २

मिति २०७८/०४/०५

श्री गाँउ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय सबै,
मार्फतः- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषयः प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्च नभएको रकम फिर्ता गर्ने र खर्चको आर्थिक बिबरण सम्बन्धमा।

आ.व. २०७७।७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम, बजेट उप शीर्षक नं. ३७१००१०२ बाट स्वीकृत कार्यक्रमहरु संचालनका लागि सःशर्त अनुदानको रुपमा सबै स्थानीय तहहरुलाई बजेट उपलव्ध गराइएको र आर्थिक बर्षको अन्त्यमा स्वीकृत कार्यक्रम अनुसार खर्च हुन नसकेको बाँकी रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत नेपाल सरकारको खातामा अनिवार्य फिर्ता गर्न यस अघि पनि अनुरोध गरिसकिएको छ । स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको LMBIS अनुसारको बार्षिक बजेट, को.ले.नि.का. TSA प्रणाली अनुसारको निकासा / भुक्तानी र SUTRA प्रणालीबाट भएको खर्च सम्बन्धित को.ले.नि.का. संग भिडान गरी सःशर्त अनुदान वापत निकासा भएको रकममध्ये खर्च हुन नसकेको रकम २०७८ असार मसान्तभित्र फिर्ता नभएको भए राजस्व संकेत नं. १५११३ अनुदान फिर्ता खातामा प्रधानमन्त्री रोजगार कार्यक्रम ब.उ.शि.नं. ३७१००१२ उल्लेख गरी छुट्टै बैङ्क भौचरबाट दाखीला गर्न हुन अनुरोध छ । साथै आ.व.२०७७/०७८ को खर्चको प्रमाणित आर्थिक विबरण इमेल ठेगाना pmepfinance@gmail.com मा सीघ्र उपलव्ध गराउन हुन अनुरोध छ।

आ. ब. २०७७/०७८ मा स्वीकृत क्रियाकलाप, क्रियाकलाप संकेत नं. र खर्च शीर्षकः

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | खर्चको श्रोत |
|---|---|---|---|
| २.४.१.५ | रोजगार सेवा केन्द्रको संचालन खर्च | | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| | संचार- | २२११२ | |
| | कार्यालय संचालन | २२३११ | |
| | अनुगमन मूल्याङ्कन | २२६११ | |
| | बिबिध | २२७११ | |
| २.५.७.५ | रोजगार संयोजकको तलव | २२४१९ | नेपाल सरकार |
| २.५.७.६ | रोजगार संयोजकको स्थानीय भत्ता | २११३१ | नेपाल सरकार |
| २.५.७.७ | रोजगार संयोजकको पोशाक | २११२१ | नेपाल सरकार |
| २.५.७.८ | प्राविधिक सहायकको तलव | २२४१९ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.५.७.९ | प्राविधिक सहायकको स्थानीय भत्ता | २११३१ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.५.७.१० | प्राविधिक सहायकको पोशाक | २११२१ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.७.३.१ | विपन्न श्रमिकको ज्याला | २२५२२ | नेपाल सरकार र आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.७.५.१० | रोजगार सेवा केन्द्रको सुदृढीकरण | | |
| | फर्निचर | ३११२३ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| | मेशिनरी तथा औजार | ३११२२ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.७.३.२ | कामको लागि पारिश्रमिक | २२५२२ | ADB/PBL |
| २.७.३.३ | कामको लागि पारिश्रमिक | २२५२२ | ADB/PBL र नेपाल सरकार |

२०७८।४।५

(मधु पोखरेल)

सुमन घिमिरे